प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## डिप्लोमा/प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटाको वैकल्पिक सूचीमा रहेका उमेद्‌वारहरुको नतिजा प्रकाशन सम्बन्धि

## अत्यन्त जरुरी सूचना

प्रकाशित मिति: २०७९/०८/०९

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७९/०४/१२ र मिति २०७९/०५/०८ गते शैक्षिक सत्र २०७९/९० का लागि गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम डिप्लोमा/प्रमाणपत्र तथा प्रि-डिप्लोमा तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति छनौटका लागि तोकिएको मिति र समय भित्र अनलाइन फाराम भरी मिति २०७९/०५/१८ गतेको प्रवेश परीक्षामा सम्मिलित योग्य आवेदकहरु मध्येबाट डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०७९ तथा उल्लेखित सूचना अनुसार यस कार्यालयबाट मिति मिति २०७९/०५/२६, २०७९/०५/३१, २०७९/०६/२८ र मिति २०७९/०७/०४ गते प्रकाशित नतिजा बमोजिम सिफारिस गरिएको शिक्षण संस्थामा तोकिएको मिति र समय भित्र भर्ना हुन नआई रिक्त रहेको कोटाहरुमा तपसिल बमोजिमका योग्यताक्रम अनुसारका प्रशिक्षार्थीहरु पुनः सिफारिस गरिएको व्यहोरा सूचित गरिन्छ । वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिस भएका प्रशिक्षार्थीहरुले मिति २०७९/०८/१७ गतेसम्म कार्यालय समय भित्र अनिवार्य रुपमा आफ्नो शैक्षिक योग्यता, नागरिकता, आफू वर्गीकृत छात्रवृत्तिको जुन समुहमा छनौट भएको हो सो को सक्कल प्रमाणपत्रहरु तथा प्रवेश पत्र सहित भर्ना भई सक्नु पर्नेछ । सम्बन्धित शिक्षण संस्थाहरुले समेत यसै सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका बमोजिम प्रशिक्षार्थीहरु भर्ना गर्न गराउनु हुन र तोकिएको मिति र समय भित्र भर्ना हुन नआई रिक्त रहेको कोटा, भर्ना हुन नआएको प्रशिक्षार्थीको नाम, सिम्बोल नं., वर्गीकृत छात्रवृत्तिको समुह समेत उल्लेख गरी ३ (तीन) दिन भित्र यस कार्यालयको इमेल ठेगाना exam@ctevtbagmati.org.np मा र सो को बोधार्थ परिषद्, परीक्षा नियन्त्रण कार्यालय (oce.ctevt@gmail.com) मा पठाउनुहुन अनुरोध छ ।

**निर्देशक**